# श्री हडाहियामाई सामुदायिक वन उपभोक्ता समूह,

## रामग्राम-१४ नवलपरासी(ब.सु.प.)

## वनपैदावार सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्रि सुचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/१०**

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई रामग्राम-१४ श्रीनगरमा घाटगद्धी भएका निम्न लटमा विभाजित निम्न परिमाणको गोलिया काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | |
|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थन | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च |
| १ | साल | ए | ६ | ११३.७० | १,४२,१२५/- | १,९९,७२६/- |
| | साल | बि | २४ | २९९.९१ | २,६९,९१९/- | |
| | साल | सि | ४४ | २५४.८४ | १,५२,९०४/- | |
| | साल | डि | ११ | ६२.०५ | १८,६१५/- | |
| | असना | ए | २० | ३९३.४४ | १,५७,३७६/- | |
| | असना | बि | २१ | २१६.५८ | ६४,९७४/- | |
| | असना | सि | ५ | २७.४६ | २,७४६/- | |
| | **कुल जम्मा** | | १३१ | १३६७.९८ | ८,०८,६५९/- | |

१) बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

खरिद गर्ने : क) अन्तिम मिति : २०८३/०१/३० (ख) समय : बेलुका ५ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३/०१/३१ ख) समय : दिउसो १२ बजे सम्म

२) बोलपत्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालयबाट खरिद गरि समुहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्रसाथ यस सामुदायिक वनको नाममा रा.वा.बै.सुनवल शाखामा रहेको खाता नं.३४१०००१०८६०१ मा रकम जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ

४) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

५) बोलपत्र फारम प्रति लटको रु.१०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

६) लिलाम बिक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र तोकिएको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

७) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सुचिकृत प्रमाणपत्र बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

८) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/०१/३१ गते दिनको १:३० बजे साक्षीहरूको रोहबरमा खोलिने छ ।

९) लिलाम स्विकृत भएको जानाकारी प्राप्त भएको १० (दस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१२) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ

# घरविहीन परिवारले पाए नयाँ घर



ढोरपाटन। बागलुङको जैमिनी नगरपालिकाले घरविहीन नागरिकका लागि घर बनाइ दिएको छ। सुकुम्बासी, विपद्बाट विस्थापित भएका र आर्थिक अभावका कारण घर बनाउन नसकेको ३६ परिवारका लागि नगरपालिकाले घर बनाइ दिएको हो।

तेह्र परिवार सुकुम्बासी, विपद्बाट घरविहीन भएका १२ परिवार र आर्थिक अभाव कमजोर भई पुनर्निर्माण गर्न नसकेका ४१ परिवारको घर बनाउने योजनाअन्तर्गत हालसम्म ३६ घर निर्माण गरेर हस्तान्तरण गरेको हो। नगरपालिकाले १० वटै वडाका घरविहीनका लागि घर बनाइ दिएको उप-प्रमुख हरिहर शर्माले जानकारी दिए।

घरविहीनहरूको घर निर्माणका लागि रु तीन लाख, विपद्बाट क्षति भएर घरविहीन भएका परिवारलाई रु दुई लाख ५० र आर्थिक अभाव कमजोर भई पुनर्निर्माण गर्न नसकेका परिवारलाई रु दुई लाख उपलब्ध गराउने गरी कार्यविधि बनाएर काम गर्दै आएको उनको भनाइ छ। नगरपालिकाले सुकुम्बासी परिवारलाई भने जग्गा खरिद गरी घर बनाइ दिएको शर्मा बताउँछन्।

"हामी निर्वाचित भएर आउनुपूर्व नै घरविहीन परिवारलाई घर बनाइ दिने योजना अगाडि बढेको थियो, त्यस बेला पनि घरविहीन परिवारको तथ्याङ्क सङ्कलनलगायतका काम भएका थिए", उपप्रमुख शर्माले भने-"हामी आइसकेपछि सुकुम्बासी परिवारहरूलाई सुरुमा जग्गा व्यवस्थापन गरे घर बनाउने काम गर्‍यो, अहिले अन्य घरविहीनहरूको घर बनायौं।"

तीन पुस्तासम्म घर नभएकाहरूलाई नगरपालिकाले पहिलो चरणमा बनाइ दिएको थियो भने विपद् र आर्थिक अभावका कारण पुनर्निर्माण गर्न नसकि अरुको घरमा आश्रय लिएकाहरूलाई दोस्रो चरणमा आवस बनाइ दिएको हो। नगरपालिकाले घर बनाइ दिएपछि अन्यत्र आश्रय लिन नपरेको वडा नम्बर ४ की देउरूपा सार्कीले बताइन्। अरुको घरमा बस्दा धेरै समस्या हुने गरेको उनको भनाइ छ।

सार्कीले भनिन्- "हामी लामो समय अरुको घरमा बस्यौं, अरुको घरमा बस्दा आफ्नोजस्तो त कहाँ हुन्छ र ? विभिन्न समस्याहरू आए, तर अहिले नगरपालिकाले घर बनाइ दिएपछि आफ्नै घरमा बस्न आएका छौं, सरकारले हाम्रो समस्या बुझ्यो।"

# गर्मी बढेसँगै देखिन थाले विषालु सर्प



नेपालगन्ज। गर्मी बढेसँगै बाँकेमा विभिन्न प्रजातिका विषालु सर्प देखिन थालेका छन्। खासगरी रसेल भाइपर, फेटारा, गोबन, करेत, धामन, अजिङ्गरलगायतका सर्प देखिन थालेको डिभिजन वन कार्यालयले जनाएको छ।

वन कार्यालयका सिनियर डिभिजन वन अधिकृत शङ्करप्रसाद गुप्ताले गर्मी खप्न नसक्ने अवस्थाले सर्प चिसोको खोजीमा बाहिर निस्कँदा केहीको घरमा पसेको उल्लेख गर्दै ती सर्पको उद्धार गरिएको बताए। "अहिले दैनिकजसो एउटा सर्पको बस्तीबाट उद्धार गरिएको छ र कहिलेकाहीँ दिनमा तीन सर्पको समेत उद्धार गरिएको छ।"-उनले भने।

उनले अहिलेको गर्मीमा विगतको वर्षभन्दा बढी सर्प जमिन बाहिर देखिएको जानकारी दिँदै ती सर्पको उद्धार गरेर जङ्गलमा लगेर छाडिएको बताए। यस आर्थिक वर्षमा चिसोयाममा समेत सर्पको उद्धार भएको थियो।

उनले अहिलेसम्म यस आर्थिक वर्षमा १४० विभिन्न प्रजातिका सर्पको उद्धार गरिएको जानकारी दिए। सर्प उद्धार गर्नका लागि सशस्त्र वनरक्षक थीरबहादुर थापाको संयोजकत्वमा उद्धार टोली गठन गरिएको गुप्ताको भनाइ छ।

सो टोलीलाई केही उपकरणसहित सामान्य तालिम दिइएको उल्लेख गर्दै उनले नेपालगञ्जबाहेक कोहलपुरबाट समेत सर्पको उद्धार भएको बताए।

बाँके राष्ट्रिय निकुञ्ज तथा त्यसको मध्यवर्ती क्षेत्रबाहेक जिल्लाका सम्पूर्ण भूभाग डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने डिभिजन वन कार्यालयले जनाएको छ।

यसैबिच, बाँकेमा वनमा हुने आगलागीका घटना नियन्त्रण गर्न 'फायर एम्बुलेन्स' टोली तयारी अवस्थामा राखिएको छ।

वन अधिकृत गुप्ताले अग्नि हेरालुसहित वनमा फायर लाइन बनाउने काम जारी रहेको बताए। बाँके राष्ट्रिय निकुञ्जबाट सरेको आगो शम्शेरगञ्जमा निभाइएको उनको भनाइ छ। "केही आगालगी वनमा भएको थियो तर अहिले नियन्त्रणमा आइसकेको छ।"-उनले भने।

# विपद् व्यवस्थापनमा अभ्यास

बाँके। बाँकेको नेपालगञ्जमा 'फायर बाइक'देखि स्वयंसेवकसम्म विपद् व्यवस्थापनमा नयाँ अभ्यास गरिएको छ। 'विपद् जोखिम र व्यवस्थापनमा मिडिया वकालत' विषयक अन्तक्रियामा सो अभ्यास भएको जानकारी दिइएको हो।

सो अवसरमा लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले विपद्मा बहुआयामिक विश्लेषण गरेर योजना तर्जुमा गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रदेश सरकारले विपद्लाई उच्च प्राथमिकतामा राखेको बताए।

उनले विपद्का कतिपय जोखिम नियन्त्रण बाहिर रहेकाले चनाखो हुन आग्रह गर्दै यसका लागि विपदको पूर्वतयारी आवश्यक भएको धारणा व्यक्त गरे। नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशान्त विष्टले विपद्का विभिन्न क्षेत्रमा उप-महानगरपालिकाले सुपर परियोजनासँग सहकार्य गरेको जानकारी दिँदै नेपालगञ्जमा 'हिट वेभ' कार्ययोजना प्रभावकारी बनाउन थालिएको बताए। उनले भने-"विपद्को विषय तीन तहका सरकारको साझा दायित्व हो।"

दाङको राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले नेपालगञ्ज उपमहानगरपालिकाले गरिरहेका असल अभ्यासको आफूहरुले पनि अनुकरण गर्ने बताउँदै आफ्नो पालिकाले गरिरहेका अभ्यासबारे पनि जानकारी गराएका थिए।

आगलागी भएको अवस्थामा नेपालगञ्ज उप-महानगरपालिकामा तीन दमकल, एउटा फायर ब्रिगेड बाइक रहेको छ। उप-महानगरपालिकाको दमकल शाखाका इञ्चार्ज भैनबहादुर खड्काले नेपालगञ्जमा विद्युतीय अनियमितताका कारण धेरै आगलागीका घटना भएको जानकारी दिँदै सूचना प्राप्त हुनासाथ दमकल घटनास्थलमा पुगको बताए।

विपद्का घटनाको अध्ययन र विश्लेषणका आधारमा नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ३ र ७ लाई उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ।

पुरानो बस्ती, माटोका घर र साँघुरा बाटोका कारण यहाँ जोखिम बढी देखिएको सुपर परियोजना कार्यसञ्चालन केन्द्रका सूचना अधिकत रुपन ज्ञवालीले जानकारी दिए। ती दुई वडामा ४०० जनालाई 'सामुदायिक विपद् स्वयंसेवक'का रूपमा तयार पारिएको र उनीहरूलाई आगलागी नियन्त्रण, भूकम्प तथा डुबानबाट सुरक्षित रहने उपायबारे तालिम दिइएको उनको भनाइ छ।

पश्चिम नेपालको प्रमुख सहरका रूपमा विकसित हुँदै गएको नेपालगञ्जमा अव्यवस्थित शहरीकरणले जोखिम झन बढाएको छ। यस जिल्लामा करिब २५ हजार घरपरिवारका ए लाख ५० हजार नागरिक विभिन्न विपद्बाट प्रभावित हुनसक्ने पूर्वानुमान गरिएको छ।

---

**नेक्स्ट...**

'नेक्स जेन एमाले : जनतातर्फ, जडतर्फ' भन्ने मूल नारासहित तयार पारिएको प्रस्तावमा पार्टीलाई वैचारिक स्पष्टता, संगठनात्मक चुस्तता र कार्यशैलीगत उत्तरदायित्वतर्फ रूपान्तरण गर्नुपर्नेमा जोड दिइएको छ।

छलफल पत्रले पार्टी पुनर्जागरणका लागि तीन मुख्य आधार अघि सारेको छ-रूपान्तरणसहितको पुस्तान्तरण, जनतातर्फ फर्किने नीति र जरा स्तर (ग्रासरुट) सँग पुनः जोडिने अभियान।

छलफलपत्रमा पार्टीभित्र खुला बहस र समीक्षा संस्कृतिलाई संस्थागत गर्नुपर्ने, निर्णय प्रक्रियामा पारदर्शिता बढाउनुपर्ने तथा नागरिक समाज र कार्यकर्ताबाट नियमित सुझाव संकलन गर्ने प्रणाली विकास गर्नुपर्ने उल्लेख छ। आधुनिक राजनीतिक अभ्यासअनुसार 'ओपन कन्सल्टेसन' र 'पार्टी-समाज संवाद' लाई सुदृढ बनाउँदै पार्टीलाई बन्द संरचनाबाट खुला र उत्तरदायी संरचनातर्फ लैजानुपर्ने प्रस्ताव गरिएको छ।

नीतिगत सुधारतर्फ कागजातले नेतृत्वमा अधिकतम दुई कार्यकालको सीमा, निर्वाचन पराजयपछि अनिवार्य जवाफदेहिता, प्रत्यक्ष मतदानबाट नेतृत्व चयन, उम्मेदवार छनोटमा प्राथमिक प्रणाली (प्राइमरी), तथा अनुसन्धानमा आधारित नीति निर्माणलाई प्राथमिकतामा राखेको छ। साथै, जनसंगठनहरूमा वैचारिक स्पष्टता र सांगठनिक स्वायत्तता सुनिश्चित गर्दै वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्नुपर्ने सुझाव पनि समेटिएको छ।

छलफल पत्रले विगतका कमीकमजोरीप्रति जनतासँग आत्मालोचना गर्दै विश्वास पुनःआर्जन गर्नुपर्ने औंल्याएको छ। भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउँदै आरोप लागेका पदाधिकारीलाई तत्काल निलम्बन गरी निष्पक्ष छानबिन गर्नुपर्ने र सार्वजनिक जीवनमा पारदर्शिता अभिवृद्धि गर्नुपर्नेमा विशेष जोड दिइएको छ।

युवाको प्रतिनिधित्व वृद्धि, नेतृत्व विकासका लागि संरचनागत सुधार, पेशागत संलग्नतालाई प्रोत्साहन र पूर्णकालीन कार्यकर्ता संस्कृतिमा सुधार आवश्यक रहेको पनि छलफल पत्रमा उल्लेख छ। साथै, अनुभवी नेताहरूको मार्गदर्शनका लागि अलग संयन्त्र निर्माण गर्ने प्रस्ताव पनि अघि सारिएको छ।

छलफल पत्रले एमालेभित्र 'पुनर्जागरण' को आवश्यकता औंल्याउँदै पार्टीलाई पुनः जनमुखी, विश्वसनीय र प्रभावकारी शक्तिका रूपमा स्थापित गर्न साहसिक नीतिगत र संरचनात्मक सुधार अनिवार्य रहेको निष्कर्ष प्रस्तुत गरेको छ।

# राष्ट्रिय आर्थिक गणनाको टोलीलाई सहयोग गर्न अपिल

बुटवल। बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले राष्ट्रिय आर्थिक गणना सफल बनाउन उद्योगी, व्यवसायी तथा संघ-संस्थासँग आवश्यक सहयोग गर्न अपिल गरेको छ।

संघले बुधबार सूचना जारी गरेर आर्थिक गणनामा सहयोग गर्न उद्योगी व्यवसायीलाई आग्रह गरेको हो। संघद्वारा जारी अपिलमा नेपाल सरकारअन्तर्गतको राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका आर्थिक एकाइहरूको यथार्थ अवस्था पहिचान गर्न आर्थिक गणना सञ्चालन गरिरहेको उल्लेख गर्दै सो कार्यलाई प्रभावकारी बनाउन गणकहरू घरदैलोमा पुग्ने भएकाले सही तथा यथार्थ विवरण उपलब्ध गराई सहयोग गर्न आग्रह गरेको हो।

अपिलमा भनिएको छ-'आर्थिक गणनाबाट प्राप्त तथ्याङ्कले देशको आर्थिक नीति निर्माण, योजना तर्जुमा तथा समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने भएकाले यसलाई सफल बनाउन सबै पक्षको सक्रिय सहभागिता आवश्यक छ।'

संघले रुपन्देही जिल्लाभित्रका सम्पूर्ण उद्योग, व्यवसाय तथा संघ-संस्थालाई गणकहरूलाई आवश्यक जानकारी प्रदान गरी राष्ट्रिय अभियानमा सहकार्य गर्न अनुरोध गरेको छ।

खुकुरी टी-ट्वान्टी कपः

# बुटवल युथ र एमएसएमटी राम स्पोर्ट्स विजयी







भैरहवा। बुटवल युथ स्पोर्ट्स क्लब र एमएसएमटी राम स्पोर्ट्स गोरखपुरले भैरहवामा जारी 'खुकुरी टी-ट्वान्टी कप-२०८३' अन्तर्गत बुधबारको खेलमा जित निकालेका छन्। बुटवल युथले लुम्बिनी शाक्यन क्रिकेट क्लबमाथि ८ विकेटको प्रभावशाली जित निकाल्दा गोरखपुरले वेष्टर्न क्रिकेट क्लबलाई ४ विकेट हराएको छ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी शाक्यनले ७ विकेट गुमाएर १ सय १७ रन बनायो। उसका लागि सचिन राजभरले २४, अजमत अलीले अविजित २०, सन्दीप बनियाले १८ र साह आलमले १६ रन बनाए। बलिङमा बुटवल युथका शिव कुँवरले २ तथा निराजन भट्टराई, मनिष थापा, अजय चौधरी र सन्तोष कौसलले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको बुटवल युथले १६ ओभरमा २ विकेटको क्षतिमा १ सय १८ रन बनाउँदै सहजै जित निकाल्यो। उसको जितमा कृष्ण चापागाईंले अविजित ४१, स्वीकृत विश्वासले नटआउट ३२, निरज भण्डारीले १९ र ऋषभ बेल्बासेले १७ रन बनाए। बलिङमा लुम्बिनी शाक्यनका आकाश गिरीले २ विकेट लिए। खेलमा कृष्ण चापागाईं प्लेयर अफ द म्याच घोषित भए।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको वेष्टर्नले ५ विकेट गुमाएर १ सय ५७ रन बनायो। उसका लागि रन्जित खड्काले ४०, कलम मुसलमानले २९, मिर्नाल गुरुङले २३, हरजीत सिंहले नटआउट २०, दीपेश रोकाले १९ र प्रज्वल थापाले १३ रन बनाए। बलिङमा प्रिन्स शाही र आनन्द दुवेले २-२ तथा अभिषेक दुवेले १ विकेट लिए।

जवाफमा एमएसएमटी राम स्पोर्ट्सले १९ ओभरमा ६ विकेट गुमाउँदै १ सय ५८ रन बनाई जित निकाल्यो। उसको जितमा निखिलप्रताप राओले अविजित ६४, राहुल सिंहले २८, संकटा प्रसादले १६, प्रिन्स शाहीले अविजित १४, अंकुर लखमनीले १२ र आनन्द दुवेले १० रन बनाए। बलिङमा वेष्टर्नका सागर गैरेले ३, अभिषेश गौतमले २ तथा हरजीत सिंहले १ विकेट लिए। खेलमा निखिलप्रताप प्लेयर अफ द म्याच भए।

लुम्बिनी खुकुरी क्लब, भैरहवाको आयोजनामा जारी प्रतियोगितामा नेपालका १३ तथा भारतका ३ गरी कुल १६ टीमको सहभागिता छ। यही बैशाख १५ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टीमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छ भने उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक नन्दन श्रेष्ठले बताए।

साथै, म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ तथा उत्कृष्ट ब्याट्सम्यान र बलरलाई जनही ५ हजार ५ सय रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ द म्याचलाई एक हजार ५ सय प्रदान गरिनेछ।

# दुई महिनापछि दादुरा सङ्क्रमण रोकथाम

ढोरपाटन। गत फागुन ८ गते ढोरपाटन नगरपालिका-७, ८ र ९ मा फैलिएको दादुरा संक्रमण नियन्त्रणमा आउन थालेको छ।

विश्व स्वास्थ्य सङ्गठन, प्रदेश जनस्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्यकर्मीको टोलीले सुङ्क्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रमा पुगेर अध्ययन गरी खोप अभियान चलाएको थियो। फागुन २९ गतेदेखि चैत २ गतेसम्म यस क्षेत्रका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएपछि सङ्क्रमण नियन्त्रणम आउन थालेको हो।

खोप लगाउनुभन्दा पूर्वदैनिक १० देखि १५ जना दादुराका शङ्कास्पद बिरामी अस्पतालमा आउने गरेकामा पछिल्लो आठ दिनपछि मङ्गलबार निसीखोला गाउँपालिकाको एक जना शङ्कास्पद बिरामी बुर्तिबाङ अस्पतालमा भर्ना भएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिए। हालसम्म २३९ जना शङ्कास्पद बिरामी परेका थियो। चौतीस जना शङ्कास्पद बिरामीको नमूना परीक्षणका लागि काठमाडौंस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएकामा १४ जनामा दादुरा सङ्क्रमण पुष्टि भएको प्रमुख शर्माको भनाइ छ।

हालसम्म छ हजार १४० जना १० देखि १९ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएको प्रदेश जनस्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिए। हालसम्म एक जनाबाहेक सबै शङ्कास्पद बिरामी निको भइसकेको उनी बताउँछन्।

**हडाहियामाई सा.व.उ.स. रामग्राम १४ नवलपरासी (ब.सु.प.) को**

**वनपैदावार लिलाम बिक्री सम्बन्धी सुचना**

प्रकाशन मिति २०८३ / ०१ /१०

डिभिजन वन कार्यालय को च.नं. १८६५ मिति २०८२ / १२ / २६ गतेको लिलाम सहमति अनुसार सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई रामग्राम १४ श्रीनगरमा घाट भएको साल समेत गोलिया थान १३१ को १३६७.९८ क्यु. फि. काठ समुह बाहिर लिलाम बिक्री गर्नका लागि सुचना प्रथम पटक प्रकाशित गरिएको छ। प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानाकारीको लागि सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाण्डौं**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस सूचनाद्धारा सर्वसाधारण सबैमा जानकारी गराइन्छ कि श्री अवाकस एकेडेमी एण्ड रिसर्च सेन्टर (दर्ता नं. १४४५०१), लुम्बिनी साँस्कृति नगरपालिका-१०, रुपन्देही स्थित उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम विशेष प्रस्ताव पारित गरी कम्पनीको दर्ता खारेज गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा, यदि कसैको उक्त कम्पनीसँग कुनै किसिमको लेनदेन, ऋण, दायित्व वा अन्य हकदावी बाँकी रहेको भए, सोको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा उपस्थित भई आफ्नो दाबी पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालामा अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र दाबी पेश नगरेमा प्रचलित कानून बमोजिम उक्त कम्पनीको दर्ता खारेज प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।


- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३